*विदेशमा नेपाली दल,*

**कान्तिपूर दैनिक, पौष ३, २०६४ (२००७ डिसेम्वर १८)**

विदेशमा नेपालीहरुको सँख्या बढ्ने क्रमसँगै नेपाली राजनैतिक संगठनहरु खोल्ने क्रम बढ्दोछ। भारतमा निकै पहिले देखि यस्ता संगठनहरु कृयासिल भए पनि अन्य मुलुकहरु नब्बेको दशकको उत्तरार्धमा शुरुवात भई जनआन्दोलन-२ पछि संगठन खोल्ने गति तिब्र भएकोछ। अहिले मध्यपूर्व, एशिया प्यासिफिक, युरोप र अमेरिकाका बिभिन्न मुलुकमा नेपालका राजनैतिक दललाई समर्थन गर्ने संगठनहरु स्थापना भएका छन। नेपाली काग्रेस नजिकको नेपाली जनसंपर्क समिति र नेकपा एमालेको नेकपा एमाले (प्रवास कमिटि) देखि लिएर पछिल्लो समयमा जन्मेका राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रवासी नेपाली संगठन र नेपाली काग्रेस (प्रजातान्त्रीक) को नेपाली जनसममपर्क समिति (प्रजातान्त्रीक) (हाल अस्थित्वमा नरहेको) सम्मका संगठनहरु शुरु भएका छन। नेकपा (माओबादी) समर्थनहरु पनि बिभिन्न नाममा संगठन खोलेर एकिकृत हुदै आएकाछन। यसरी खोलिएका संगठनले दल र राष्ट्रलाई बिभिन्न किसिमले योगदान गर्ने प्रसस्त ठाउँहरु भएता पनि यी संगठनहरु प्रभारकारी किसिमले परिचालन हुन सकेका छैनन।

सामन्यतया जनवर्गिय संगठनहरुको उद्देश्य दलका निति तथा कार्यक्रमहरुलाई आफ्नो बर्गको तल्लोतहसम्म पुर्याउने र बढि भन्दा बढी समर्थकहरु जुट्याउने हुन्छ। तर विदेशमा यो काम प्रभावकारी हुदैन किनभने हाल बिदेशमा रहेका नेपाली मध्य ठुलो सँख्या पहिलो पुस्ताको भएकोले उनीहरु नेपालमा हुर्के बढेकोले कुनै न कुनै दलसँग नजिक बिचार राख्दै आएका हुन्छन। त्यसैले, यी संगठनले दलहरुलाई छुट्टै किसिमले सहयोग गर्नु पर्छ। खासगरी, दलहरुको अन्तराष्ट्रिय संबन्ध विस्तार गर्न तथा आर्थीक र बैचारिक किसिमले सहयोग गर्न केन्द्रित हुनु पर्छ। लोकतन्त्र स्थायीत्वको लागि लोकतन्त्रप्रती समर्पित दलहरु राष्ट्रिय-अन्तराष्ट्रियरुपमा स्थापित हुनु जरुरीछ। यी संगठनहरुले बाहिरी मुलुकमा प्रयोग हुदै आएका आर्थिक बिकासका नमुना र अनुभवबारे दलहरुलाई साक्षार गराउन तिर सकृय हुनु पर्छ। दलहरु संचालनको लागी आबश्यक पर्ने अर्थ जुटाउन निश्चित नियम र कानुनको अभावमा दलहरु निहित स्वार्थबाट प्रेरित ब्यक्ती बिशेषको चन्दामा निर्भर हुनु परेको छ। जनबर्गीय संगठनबाट संगठितरुपमा रकम उपलब्ध गराउन सक्ने हो राज्य सञ्चालनमा स्वार्थी चन्दादाताहरुको प्रवाभ कम हुन सक्नेछ।

दलहरुको जनबर्गीय संगठनले नेपालका दलहरु र समान बिचार राख्ने विदेशी दलहरु बिच दलिय संबन्ध कायम गर्न तिर पनि केन्द्रित हुनु पर्छ। नेपालको भुराजनैतिक परिस्थिति र नेपालको राजनैतिक संस्कृतीले भारत-चिन बाहेकका देशमा हुने दलिय सम्बन्धले तत्कालीनरुपमा प्रत्यक्ष असर नपर्ने देखिए पनि दिर्घकालीनरुपमा यस्तो समबन्धले महत्व राख्छ। नेपालमा स्थायी लोकतन्त्र, शान्ती र मानव अधिकारकोपक्षमा विदेशी राष्ट्रहरुको समर्थन जुटाउन दलिय सम्बन्धको महत्वपुर्ण भुमिका रहन्छ।

नेपाली कांग्रेसले विपि कोईरालाको सकृयतामा २०१५ साल पुर्व देखि सोसलिष्ट ईन्टरनेक्शन मार्फत बिश्वका समाजबादी दहहरुसँग संबन्ध स्थापित गरे पनि कोईरालाको देहवसान पछि सोसलिष्ट ईन्टरनेक्शनको बार्षिक कन्फरेन्समा भाग लिनु बाहेर नेपाली काग्रेसले अन्य किसिमले सञ्जाललाई प्रभावकारी किसिमले सहुपयोग गर्न सकेको छैन। नेकपा माओबादीले बिश्वका कम्युनिष्टहरुहरुलाई एककृत गर्ने उद्देश्यका साथ सन १८८४ मा स्थापित रिम मार्फत बिश्वका अन्य कम्युनिष्ट पार्टिहरुसँग सम्बन्ध कायम राख्दै आएको छ भने नेकपा एमाले एशियाका राजनैतिक दलहरुको अन्तरराष्ट्रिय सम्मेलन (ICAPP) जस्ता सञ्जाल मार्फत सकृय हुदै आएकोछ।

यसरी बिभिन्न दलहरुले अन्तराष्ट्रिय सञ्जालको उपयोग गरेर अन्य देशका समान बिचार राख्ने दलहरु बिच सम्बन्ध राखेको पृष्ठभुमीमा दलका जनबर्गीय संगठनले दलीय संबन्धलाई अझ बढी प्रभावकारी सकृय भुमिका खेल्न सक्छन। जनआन्दोलन-१ (बिस २०४६) को बेलामा आन्दोलनलाई बहिरी बिश्वको समर्थन जुटाउन दलहरुले केन्द्रय स्तरको नेताहरुलाई आवसीयरुपमा विदेश पठाउने चलन थियो। यस्तो खालको जिम्बेवारी अब यी संगठनहरुले लिनु पर्छ। तर जनआन्दोलन-२ ताका जनवर्गीय संगठनहरुको कुम्भकर्ण प्रबृत्तीले बिभिन्न अस्थायी मोर्चामा संगठित भएर लोकतन्त्रको पक्षमा आवाज उठाउनु परेको परिस्थितीले यस तर्फ आशाबादी हुने ठाउँ कम छ।

नेताहरुलाई समय-समयमा विदेश भ्रमणको तारतम्य मिलाईदिनेकाम संगठनहरु सकृय भएको पाइन्छ। विदेश भ्रमणमा रहदा नेताहरु आप्ना कार्यकर्ताको घेरा भित्र रहेर खान, पिउन, घुम्न र मनोञ्जनमा मात्र सिमित नरहेर त्यहाँका राजनैतिक दल, सरकार, नेपालको बिकास चासो राख्ने गैर-सरकारी सँघ सँस्थाहरुसँग औपचारिक-अनौपचारिक संबन्ध कायम गर्न ध्यान दिएमा भ्रमण बढी सार्थक हुन्छ। नेताहरुको भ्रमणको क्रममा सार्वजनिक कार्यक्रमहरु पनि हुने गर्छन। यस्ता कार्यक्रमहरुलाई देशको राजनैतिक, आर्थिक र मानव अधिकारको स्थिति बारे विदेशीलाई जानाकारी दिन र विदेशीको अनुभव लिनको लागि उपयोग गर्नु पर्छ। तर सामन्यतया संगठनहरुको कार्यक्रममा बिदेशीहरुको अनुहार देख्न पाईदैन। प्राय कार्यक्रमका बिषयहरु नितान्त संकुचित खालका हुने गर्छन। विदेशमा रहदा पनि बिपक्षी दल प्रती गर्ने आरोप-प्रत्यारोपले कार्यक्रममा सहभागी नेपालीहरुलाई असहज बनाउने गर्छ। कमसेकम राष्ट्रिय स्तरका नेताहरु एउटा दलको नेता भन्दा नेपाली नेताका रुपमा प्रवासीमा प्रस्तुत हुनुपर्छ।

जनबर्गीय संगठनहरु प्रभावकारी नहुनुको पछाडिको यी संगठनलाई कसरी परिचालन गर्ने बारे दलहरुको स्पष्ट दृष्टीकोण र प्रकृयाको अभाव पनि हो । जस्तै: स्थापना भएको दशकौसम्म पनि नेपाली काग्रेसले आफ्नो विधानमा जन सम्पर्क समितिलाई जनवर्गीय संगठनको रुपमा समावेश नगर्दा पार्टीको कुन निकायको मातहतमा समितिलाई समन्वय गर्ने भन्ने अन्यौल देखिन्छ। नेकपा एमाले समर्थनका संगठनहरुको नाममा एकरुपता देखिदैन।

संगठनहरुको अप्रभावकारीताको अर्को कारण हुन सक्छ विदेशमा रहेका धैरै जसो नेपालीहरु दलिय संगठन प्रती आकर्षण नहुनु। नेपालको राजनैतिक स्थिती प्रती बितृष्णा तथा जनवर्गीय संगठनहरुको कार्यशैली र बिदेशामा पनि आपसी खिचातानीले धैरैलाई चिढाएकोछ। दलहरुको झण्डा भित्र सिमिति रहनु भन्दा नेपाली मात्र भएर बस्न रुचाउने नेपाली समुदाय ठुलो छ। १९९० पुर्व विदेशिएर स्थापित भइसकेकाहरुको जनबर्गीय संगठनमा सहभागिता कम देखिन्छ भने सन १९९० को पछाडीको राजनैतिक अनुभव बटुलेर बिदेश आएकाहरु बढी सकृय देखिन्छन। उसो त

नेपालमा रहदा जस्तो जागिर, जजमान, जन्ती, र मलामीका लागि समेत दलमा समाहित हुनु पर्ने बाध्यता नहुने र राजनितीमा लाग्नलाई समय पनि ननिस्कने यथार्थ पनि आफ्नो ठाँउमाछ।

अन्त्यमा, विदेशमा स्थापित भएका राजनैतिक संगठनहरुले राजनैतिक स्वार्थ भन्दा माथी उठेर मञ्च, मेडिया, (आफ्नो) मतलवमा सिमित नरहिकन बृहत हितमा केन्द्रित भयो भने मात्र यीनीहरुको औचित्य रहनेछ। अन्यथा यी संगठनहरु प्रवासी नेपालीहरु बिच विभाजन ल्याउने काममा मात्र सिमित भएको संकेत जान सक्छ।